# स्वेच्छिक क्षेत्रको सम्वन्धमा राष्ट्रिय नीति

**स्वेच्छिक कार्य ईकाइ**

**योजना आयोग**

**भारत सरकार**

**मे २००७**

## १. प्रस्तावनाः

१.१ प्रस्तुत नीति स्वेच्छिक क्षेत्रलाई प्रोत्साहित गर्ने, एउटा सक्षम, सशक्त, आत्मनिर्भर, सृजनसिल एवं प्रभावकारी बनाउने स्वरुप र कार्यमा विविधता भएको प्रतिबद्धता हो । यसले भारतीय जनताको सामाजिक, सांस्कृतिक एवं आर्थिक उत्थानको निमित्त योगदान दिन सक्दछ ।

२.२ यस स्वेच्छिक क्षेत्रले चेतनाको अभिवृद्धि सामाजिक परिचालन, सेवा प्रदान, तालिम, अनुसन्धान एवं प्रचार प्रसार जस्ता उपायहरु मार्फत गरिबी, अवसर नपाएका, भेदभावपूर्ण एवं वञ्चित भएकाहरुको लागि नवीनतम समाधानको पहिचान गर्न विशिष्ट योगदान पु-याएको छ, । स्वेच्छिक क्षेत्रले जनता र सरकार वीच प्रभावकारी सम्वन्ध गराउन गैर राजनैतिक काम गरिरहेको छ । प्रस्तुतनीतिल` स्वेच्छिक क्षेत्रले विविध क्षेत्रमा महत्वपूर्ण भुमिका निभाउनु पर्दछ भन्ने कुरालाई अंगिकार गरेको छ । साथै, सरकारले केन्द्रिय, प्रान्तिय एवं स्थानीय तहका नीजि क्षेत्रसंग सहकार्य गर्नु पर्ने आवश्यकतामा पनि जोड दिएको छ ।

## २. क्षेत्रः

२.१ यस नीतिभित्र स्वेच्छिक संघ (भि.ओ.एस) भन्नाले नैतिकता, सांस्कृतिक, आर्थिक, राजनैतिक, धार्मिक, आध्यात्मिक परोपकारी वा वैज्ञानिक एवं प्रविधिमा आधारित सार्वजनिक सेवामा संलग्न संघ संस्थाहरुलाई समेत जनाउनेछ । भि.ओ.एस.ले समुदायमा आधारित संघ संगठन (सि.बी.ओज), गैर सरकारी विकास संघ संगठन (एन.जी.डि.ओज.), गुठि संघ संस्थाहरु, सेवा प्रदायक संघ संगठनहरु, त्यस्ता संघ

संगठनहरुको संञ्जालको महासंघ एवं संस्थाको व्यावशायिक सदस्यता जस्ता औपचारिक तथा अनौपचारिक समुह समेतलाई जनाउदछ ।

२.२ यस नीति अन्तरगत समेटिन भि.ओ.एस मा देहाय वमोजिमको विशेषता रहको हुनु पर्दछः-

(क) नीजि क्षेत्र जस्तै सरकारबाट अलग भएको,

(ख) त्यसका मालिक तथा सञ्चालकहरुले कुनै प्रतिफल तथा मुनाफा लिन नहुने

(ग) तीनिहरु स्वसासित भएको, जस्तो कि सरकारद्धारा नियन्त्रित नभएको,

(घ) तीनिहरु तोकिएको लक्ष्य एवं उद्देश्य लिएका दर्तावाल संघ संगठन वा अनौपचारिक समुह भएको ।

**३. उद्देश्यहरुः**

३.१ यस नीतिका मूल उद्देश्यहरु निम्न वमोजिम छन्ः-

३.१.१ भि.ओ.एस.को लागि सक्षम वातावरणको सृजना गर्ने, जसले तीनिहरुको संस्थाहरुलाई उत्प्रेरित एवं प्रभावकारी वनाई तिनको स्वावलम्वनको प्रतिरक्षा गर्दछ ।

३.१.२ भि.ओ.एस. को लागि आवश्यक आर्थिक श्रोतहरु भारत र विदेसबाट विधिवतरुपमा परिचालन गर्न सक्षम वनाउने,

३.१.३ आपसी विश्वास र सम्मान तथा जिम्मेवारीको भागिदार हुने सिद्धान्तको आधारमा सरकारले भि.ओ.एससंग सहकार्य गर्ने प्रणालीको परिचालन गर्ने,

३.१.४ सुसासन र व्यवस्थापनको पारदर्सीता एवं जवाफदेहीताको प्रणाली अंगिकार गर्न भि.ओ.एसलाई उत्प्रेरित गर्ने,

उक्त उद्देश्यहरुलाई प्राप्त गर्ने तरीकाका सम्वन्धमा निम्न अनुच्छेदहरुमा विवेचना गरिएको छ :

**४. स्वेच्छिक क्षेत्रको लागि सवल वातावरणको स्थापना**

४.१ भि.ओ.एस. को आत्मनिर्भरताको लागि सामाजिक, आर्थिक एवं राजनैतिक शक्तिलाई चुनैाती दिन तीनिहरुलाई विकासको वैकल्पिक उपागमको खोजी गर्ने अनुमति प्रदान

गर्दछ, जसले जनहित विपरित गरिवी, अभाव एवं अन्य सामाजिक समस्याहरुसंग लड्ने नवीन उपायहरु पहिल्याउने काम गर्न सक्छ । तसर्थ, भि.ओ.एस.संग सम्वन्धित सवै कानून, नीति, नियम र नियमावलीहरुले तीनको जवाफदेहीता संगै तिनको स्वसासनको निशर्त प्रतिरक्षा गर्नु महत्वपूर्ण छ ।

४.२ स्वेच्छिक संगठनहरु सामाजिक संस्थाको रुपमा, गुठिकोरुपमा वा केन्द्रिय तथा राज्यको कानून अन्तरगतको मुनाफारहित कम्पनीकोरुपमा दर्ता हुन सक्तछ । कुनै कुनै राज्यले सामाजिक संस्था दर्ता ऐन, संशोधन सहित, (१८६०) लाई अंगिकार गरका छन् भने अरुहरुसंग भिन्नै कानूनहरु छन् । त्यसैगरी, गुठिसंग सम्वन्धित कानूनहरु राज्य पिच्छे फरक फरक छन् । समयको अन्तरालसंगै यस प्रकारका थुप्रै कानून र त्यस अन्तरगतका नियमहरु जटिल एवं निषेधात्मक भएकोले ढिलाई, हतोत्साह र भ्रष्टाचार तर्फ उन्मुख गराएको छ । सरकार र स्वेच्छिक क्षेत्र वीच समन्वय गराउने नोडल एजेन्सीको रुपमा योजना आयोगले राज्यको प्रचलित कानून एवं नियमहरुको पुनरावलोकन, सरलीकरण, उदारीकरण र यथासम्भव विवेकसम्मत वनाउन प्रोत्साहन गरिरहेको छ । मुनाफारहित कम्पनीको रुपमा दर्ता हुनको लागि सरकारले कम्पनी ऐन, १९५६ को दफा २५ अन्तरगतका ईजाजतपत्र, दर्ता र कर्मचारीको पारिश्रमिक लगायतका कार्यविधि सरल गर्ने उपायको परीक्षण गर्नेछ ।

४.३ सरकारले सरल एवं उदार ीकृत केन्द्रिय कानून लागु गर्ने संभाव्यताको पनि परीक्षण गर्नेछ । यसले भि.ओ.एस दर्ता गर्न अखिल भारतीय कानून खासगरी त्यस्ता कानून जो मुलुकका विभिन्न भाग र विदेशमा समेत सञ्चालन गर्न खोजिएको छ को विकल्पको रुपमा सेवा पुयाउने छ । यस्ता प्रकारका कानून, जुन केन्द्रिय एवं राज्यको प्रचलित कानूनको सह अस्तित्वको रुपमा रहेको छ, ले भि.ओ.लाई एक वा सो भन्दा वढी कानून अन्तरगत यसको प्रकृति र कियाकलापको आधारमा दर्ता हुनसक्ने विकल्प प्रदान गर्दछ ।

४.४ स्वेच्छिक क्षेत्रको वारेमा खासगरी यसको सुसासन, जवाफदेहीता र पारदर्सिताको वारेमा धेरै सार्वजनिक वहस चलेको छ । व्यापक रुपमा यो विश्वास गरिएको छ कि स्वेच्छिक क्षेत्रले त्यस्ता विषयहरुलाई आफु सुहाउदो कानून मार्फत सम्वोधन गरेको

हुनु पर्दछ । स्वेच्छिक क्षेत्रको विकास र तदनुकुलको मान्यता प्रदान गर्न सरकारले स्वतन्त्र र राष्ट्रिय स्तरको स्वनियमनकारी संस्थालाई प्रोत्साहित गर्नु पर्दछ ।

४.५ स्वेच्छिक क्षेत्रमा जनविश्वासको अभिवृद्धि गर्न यसलाई सार्वजनिक रुपमा व्यापक रुपले परीक्षण गर्नु पर्ने आवश्यकता रहेको छ । सरकारले भि.ओ.एस को सम्वन्धमा पेश गर्नु पर्ने आधारभुत मापदण्ड निर्धारण गर्न केन्द्रिय एवं राज्य तहका संस्थाहरुलाइ उत्प्रेरित गर्नेछ । यो  जनभावनालाई दृष्टिगत गरी सरकारी संस्थाबाट अनुदान प्राप्त गरी सार्वजनिक रुपमा (इँन्टरनेट मार्फत सजिलै पहुच हुन सक्ने) स्थापित भएको छ ।

४.६ स्वेच्छिक क्षेत्रको निमित्त जन अनुदान एउटा महत्वपूर्ण आर्थिक श्रोत हो र जो कसैले पनि त्यसलाई सारभुतरुपमा वृद्धि गर्दै लैजान सक्तछ र लैजानु पनि पर्दछ । यस प्रकृयामा करमा दिईने छुटले सकारात्मक भुमिका निर्वाह गर्न सक्छ । आजकल शेयर र धितोपत्र मुलुकको विशिष्ट सम्पति हुने गरेको छ । स्वेच्छिक क्षेत्रमा धितोपत्र र शेयर हस्तान्तरण गर्नको लागि सरकारले यस प्रकारको अनुदानमा लगाएको करलाई ध्यान दिनु पर्ने हुन्छ । त्यस्तै, सरकारले आयकर ऐन अन्तरगतको गुठि आयोजनाहरुलाई छुट दिदै आएको आयकर प्रणालीमा पनि सरलीकरण गरी मुलधारमा ल्याउनु पर्ने हुन्छ । साथै, सरकारले नीजिरुपमा आर्थिक आर्जन गर्न कागजमा सिमित गुठीहरुले यस प्रकारका सुविधाको दुरुपयोग गर्दैनन भन्ने विश्वास दिलाउनको लागि प्रशासनिक र दण्ड प्रकृया दरिलो वनाउने तर्फ ध्यान दिनु पर्ने हुन्छ ।

४.७ स्वेच्छिक संगठनको अन्तरराष्ट्रिय लगानीले त्यस प्रकारका संघ संस्थाहरु र मुलुकभित्र  तीनीहरुले गरेको कार्यमा सघाउ पु-याउन एउटा सानो तर महत्वपूर्ण क्षेत्र ओगटेको छ । अन्तराष्ट्रिय लगानीको खोजी गरिरहेको संघ संस्था वैदेसिक योगदान/लगानी (नियमन) ऐन अन्तरगत दर्ता भएको हुनु पर्दछ । यस कानूनले छानविन गर्ने मापदण्डलाई कठोर वनाएको छ जो अक्सर गरेर स्वेच्छिक संघ संस्थाहरुले वैदेसिक लगानी प्राप्त गर्नसक्ने क्षमतामा अंकुस लगाएको छ । जव स्वीकृत हुन्छ त्यसमा विभिन्न प्रकारका समस्याहरु जस्तोकी कोष वैंकको खातामा

छुट्टै खाता खोली जम्मा गर्नु पर्ने हुन्छ । यसले गर्दा स्वेच्छिक संघ संस्थाहरुले विभिन्न स्थानहरुमा गई काम गर्न साह्रै कठिनाई पु-याएको छ । सरकारले सम्वन्धित मन्त्रालयद्धारा गठन गरिने (अनुच्छेद ५.४ मा सुझाव गरिए वमोजिम) संयुक्त परामर्श समुहको परामर्शमा उक्त एफ.सि.आर.ए. को समय समयमा पुनरावलोकन गर्नै पर्दछ र स्वेच्छिक संघ संस्थामा लागु हुने तीनको प्रावधानहरुलाई सरलीकरण गर्नु पर्दछ ।

४.८ स्वेच्छिक संघ संस्थाहरुको सामाजिक एवं आर्थिक महत्वको परियोजनामा प्रत्यक्ष रुपले सहायता प्रदान गर्न केन्द्रिय सरकारले वहुपक्षीय संघ संस्थाहरुको निमित्त निर्देशिका तर्जुमा गरेको छ । यसले त्यस प्रकारका अनुदानमा सिधै पहुंच हुने र तीनको प्रयोग गर्ने कुरामा दुवै निकाय, एफ.सि.आर.ए र आर्थिक मामिला सम्वन्धी विभागको नियम मार्फत नियन्त्रण गर्दछ । यस प्रणाली अन्तर्गत सम्वन्धित मन्त्रालयद्धारा गठन गरिने (अनुच्छेद ५.४ मा सुझाव गरिए वमोजिम) संयुक्त परामर्श समुहको परामर्शमा सरलीकरण गर्नु पर्दछ ।

४.९ सवै सम्वद्ध केन्द्रिय र राज्य सरकारका निकायहरुलाई स्वेच्छिक क्षेत्रसंग संरचनात्मक सम्वन्ध राख्ने पुर्व सेवा र अन्तर सेवा तालिमको ढाचा जारी गर्न प्रोत्साहित गर्नेछ । त्यस प्रकारका निकायहरुले भि.ओ.एससंग गरिने काम कारवाहीको निमित्त समयानुकुलको कार्यविधि जारी गर्नु पर्नेछ । त्यसभित्र दर्ता, आयकर चुक्ता, आर्थिक सहायता आदि पर्दछन् । यसमा भि.ओ.एसको उजुरी दर्ता गर्ने र गुनासो सुनुवाई गर्ने औपचारिक प्रणाली पनि पर्न आउछ ।

## ५. विकासमा साझेदारी

५.१ स्वेच्छिक क्षेत्रले खासगरी सामुदायिक सहभागिता मार्फत विकास प्रकृयामा एउटा महत्वपूर्ण भुमिका निर्वाह गर्न सक्तछ । भि.ओ.एस. ले वैकल्पिक दृष्टिकोण प्रदान गर्न, प्रतिवद्ध विज्ञहरु, स्थानिय अवसर र चुनौतीहरु वुझ्न र समुदायमा खासगरी अवसरबाट वञ्चित भएका वर्गहरुसंग एउटा अर्थपूर्ण छलफलको आयोजना गर्न सक्तछ । त्यसकारणले सरकार र स्वेच्छिक क्षेत्रले एकैसाथ रहेर काम गर्न जरुरी हुन आएको छ । संभव भएसम्म यस प्रकारका सहकार्यमा अन्य निकायहरु जस्तै

पञ्चायतहरु, नगरपालिकाहरु, वौद्धिक संस्थाहरु र नीजि क्षेत्रका संघ संस्थाहरु समेत समाहित हुन सक्तछन् ।

५.२ सकार र भि.ओ.एस. वीचको सहकार्य सामुहिक लक्ष निर्धारण गर्न र पुरक भुमिका प्रष्ट पार्ने कुरामा लागु हुन्छ । यो कुरा आपसी विश्वास र सम्मानको आधारभुत सिद्धान्तमा निहित रहि जिम्मेवारी र अधिकार वहन गर्ने तर्फ लक्षित हुनु पर्दछ । यो सिद्धान्त सहकार्यको शर्त र अवस्थामा स्पष्ट भएको हुनु पर्दछ । सहकार्यको औपचारिक तथा अनौपचारिक प्रणालीमा समेत यी कुराहरु प्रमाणित भएको हुनु पर्दछ ।

५.३ यस नीतिले साझेदारीको तीनवटा साभनहरुलाई स्वीकार गरेको छ (१) केन्द्रिय, राज्य र स्थानीयतहमा परामर्श, अन्तरक्रियाको औपचारिक प्रकृया, (२) दीर्घकालमा दीगो सामाजिक परिचालन आवश्यक भएकोमा रणनीतिक सहकार्य, तथा (३) गुणस्तरिय पद्धति मार्फत योजनामा लगानी गर्ने । साझेदारीका उक्त तीनवटा प्रकृयाहरुलाई मन्त्रालय र राज्यले तयार पारी वार्षिक योजनामा समावेश गरिएको कुरा सरकारले सुनश्चित गर्नेछ । तीनवटा प्रत्येक प्रकृयाको सम्वन्धमा लिईने कार्य देहायको अनुच्छेदमा विवेचना गरिने छ ।

५.४ सरकारले सम्वन्धित केन्द्रिय विभाग एवं राज्य सरकारको संयुक्त संयन्त्र र स्वेच्छिक क्षेत्रको प्रतिनिधिहरु रहेको संयुक्त परामर्श समुह गठन गर्न प्रोत्साहित गर्नेछ । यसले उक्त कार्य गर्न जिल्ला प्रशासन, जिल्ला योजना निकाय, जिल्ला ग्रामिण विकास संस्थाहरु, जिल्ला परिषद र स्थानीय सरकारलाई समेत प्रोत्साहित गर्नेछ । सो समुह विचार, दृष्टिकोण र जानकारी वाडफाड गर्न एवं एकिकृत रुपमा काम गर्ने सयन्त्रको पहिचान गर्न स्पष्ट रुपमा अधिकारप्राप्त स्थायी मञ्चको रुपमा रहनेछ । सरकारले त्यस्ता समुह वा मञ्चमा स्वेच्छिक क्षेत्रको अन्तर शाखाहरु संलग्न गराउनको लागि उपयुक्त संयन्त्र जारी गर्नेछ ।

५.४.१ उक्त समिति, कार्यदल र महत्वपूर्ण विषयलाई सम्वोधन गर्न सहयोग पु-याउन सरकारले समय समयमा गठन गरेको सल्लाहकार समितिका

विशेषज्ञहरु समेत रहेको भि.ओ.एस. क्षेत्रको विशेषज्ञहरुलाई समेत प्रयोग गर्नेछ ।

५.५ मुलुकले वहुक्षेत्रगत र ग्रहणशील समाधानको आवश्यकता पर्ने अनेकौं जटिल समस्याहरु भोगि रहेको छ । यस स्थितिमा खासगरी सामाजिक परिचालन कायम राख्न महत्वपुर्ण हुन्छ । यसमा गरिवी निवारण, शिप अभिवृद्धि, वाणीज्य विकास, महिला सशक्तिकरण, जनसंख्या स्थिरकरण, एच.आई.भि एडस विरुद्ध लडाई, जलश्रोतको व्यवस्थापन, आधारभुत शिक्षा र वन जंगलको व्यवस्थापन समेत पर्न आउदछ । यस्ता क्षेत्रहरुको उद्देश्य प्राप्तिको लागि राष्ट्रिय स्तरका दीर्घकालिन कार्यक्रम र विभिन्न रणनीतिहरु, कार्यपद्धति र क्रियाकलाप मार्फत सरकार र भि.ओ.एसवीच रणनीतिक कार्यएकता हुन अति जरुरी हुन आएको छ । सरकारले भि.ओ.एस. संगको सहकार्यमा लागु हुने राष्ट्रिय सहकार्य कार्यक्रमको पहिचान गर्नु पर्नेछ । प्रत्येक राष्ट्रिय सहकार्य कार्यक्रममा ख्यातिप्राप्त, मध्यम वा ब्यापक अनुभव भएको भि.ओ.एस र खासगरी ठुला आकारको काम गर्न सक्षम भएको भि.ओ.एस. को संलग्नता रहनेछ । यस प्रकारका राष्ट्रिय सरकारी कार्यक्रमलाई सरकारले योजना दस्तावेजमा महत्व दिएको कुरा विश्वस्त पार्नु पर्दछ ।

५.६ सरकार र स्वेच्छिक क्षेत्र वीचको सहकार्यको तेश्रो साधन भनेको आयोजनामा लगानी हो । सरकारको धेरै संख्यामा रहेको निकायहरुले भि.ओ.एसलाई आर्थिक सहायता प्रदान गर्ने योजना लागु गरेको हुन्छ । यस प्रकारका आयोजनाले प्राय नापी, अनुसन्धान, कार्यशाला, लिखत तयार, चेतनाको अभिवृद्धि गर्ने, तालिम, सार्वजनिक कल्याण र सुविधाको सृजना तथा परिचालन र यस्तै अन्य काम गर्ने गर्दछ । आयोजनामा अनुदान दिने काम सरकारको प्रत्यक्ष संलग्नता विना नै क्रियाकलापको अभिवृद्धि गर्ने एक उपयोगी माध्यम हो । यो साना र मध्यम खालको भि.ओ.एस.लाई सघाउ पु-याउने मुल्यवान श्रोत पनि हो । तापनि, अनुदान सहायताको योजनाको प्रभावकारीताको सम्वन्धमा कानुनसम्मत सम्वन्ध राख्नु पर्दछ । पुरानो शैलीको लगानी योजना, मध्यस्थताको कार्यविधि, अनुपयुक्त भि.ओ.एस. को छनौट, कमसल गुणस्तरको कार्यान्वयन र कोषको दुरुपया`ग जस्ता कुराहरु लगानीको उद्देश्य पराजित गर्ने सम्भावित कारणहरु हुन् । भि.ओ.एस.लाई वितरण

गरिने सरकारी कोषको उचित जवाफदेहीता हुने र अनुगमन हुने गरेको कुरामा विश्वस्त पार्नु सम्वन्धित सरकारी संस्थाहरुलाई प्रोत्साहित गर्नु पर्ने हुन्छ ।

५.६.१ आयोजनामा लगानी गर्ने प्रकृयामा विकेन्द्रिकरण गर्नाले केही केन्द्रिय निकायहरुले राम्रो नतिजा प्राप्त गरेका छन् । विविध प्रकारको प्रत्यक्ष योजना लादनु भन्दा तीनिहरुले क्षेत्रीय वा राज्य तहका मध्यस्थकर्ता संघ संस्थाहरुलाई उनीहरुको तर्फबाट काम गराउने गर्दछन । यसले भि.ओ.एस.को उत्तम छनौट र अनुगमनको लागि निकट रुपमा अन्तरक्रिया गराउछन् । मध्यस्थकर्तामा भि.ओ.एस.को छाता संगठन, पेशागत तथा वा प्राज्ञिक संस्थानहरु, राज्य सरकारको निकायहरु वा वहुसरोकारवाला स्थायी समितिहरुलाई समावेश गर्न सकिन्छ । सरकारले यस प्रकारको विकेन्द्रित लगानीको पुनरावलोकन गर्नुपर्नेछ र केन्द्रिय निकायहरुलाई उपयुक्त सिफारीस गर्नु पर्नेछ ।

५.६.२ भि.ओ.एस.को प्रमाणिकरणले लगानी गर्दा उत्तम निर्णय गर्ने र लगानी प्रकृयालाई वढी पारदर्सि वनाउन नेतृत्व प्रदान गर्दछ भन्ने विस्वास गर्नु पर्ने कारण छन् । थप प्रमाणिकरणले सुसासन, भि.ओ.एस.को व्यवस्थापन र सम्पादन गर्न उत्प्रेरणा प्रदान गर्न सक्छ । हाल प्रमाणिकरण प्रणाली भरपर्दो छैन । प्रमाणिकरण पद्धतिको वैकल्पिक विकास गर्न सरकारले विभिन्न निकायहरु लगायत स्वेच्छिक क्षेत्रलाई समेत प्रोत्साहित गर्नुपर्नेछ । भि.ओ.एस. लाई लगानी प्रदान गर्न निवेदनका सम्वन्धमा विचार गर्नु अघि यस प्रकारको पद्धति उपर छलफल गर्ने र स्वेच्छिक क्षेत्रमा यसलाई स्वीकारयोग्य बनाउन समय प्रदान गर्नुपर्नेछ ।

## ६. स्वेच्छिक क्षेत्रको सुदृढीकरण

६.१ भारतीय समाजमा संवेदना स्थापित परम्पराको रुपमा रहेको छ । गुठी संस्थालाई दिईने चन्दामा लाग्ने करमा छुट प्रदान गरिएमा व्यक्तिगत सम्पति उल्लेख्यरुपमा सार्वजनिक सेवामा सर्नसक्ने संभावना रहन्छ । भि.ओ.एस लाई आर्थिक सहायोग प्रदान गर्न सरकारले विद्यमान र त्यस्तै गरी नविन, स्वतन्त्र कल्याणकारी संस्था र

नीजी गुठीहरुलाई सहयोग एवं प्रोत्साहन दिनु पर्दछ । यसले सार्वजनिक र नीजि दाताहरु वीच छलफलको अभिवृद्धि गर्नु पर्दछ जसले गर्दा अनुदान दिने र कोष वृद्धि गर्ने रणनीतिमा असल व्यवहारको फाईदा लिन सक्दछ ।

६.२ सवै सरोकारवालाहरुको जवाफदेहीता र काम कारवाहीमा पारदर्सिता सुसासनका मुख्य विषय हुन् । स्वेच्छिक क्षेत्रले यस क्षेत्रमा आफु उच्च तहमा स्थापित हुने अपेक्षा राखेको छ । भि.ओ.एस. को उद्देश्य र क्रियाकलाप भिन्न प्रकृतिको हुने भएकोले जवाफदेहीता र पारदर्सिताको लागि एकै प्रकारको मापदण्डको अपेक्षा गर्नु अव्यहारिक हुन्छ । यस्ता विषयमा सहयोगी संघ संस्थाहरु, भि.ओ.एस. को सञ्जालहरु र महासंघहरुमा छलफल गराउन र सहमति कायम गराउन सरकाले प्रोत्साहन प्रदान गर्नु पर्दछ । यसले त्यस प्रकारका संस्थाहरुलाई सुझाव दिन र भि.ओ.एस.को निमित्त स्वीकरोग्य र उपयोगी मापदण्ड अपनाउन समेत प्रोत्साहित गर्नु पर्दछ । सरकारले भि.ओ.एस. मध्येको असल व्यवहार सार्वजनिक गरी सुसासनमा उत्कृष्ट भएकोलाई मान्यता प्रदान गर्नु पर्नेछ ।

६.३ स्वेच्छिक क्षेत्रमा काम गरिरहेका जनताहरुको लागि तालिम एक अत्यावश्यक कुरा हो । जे भएतापनि राम्रो गुणस्तरको तालिम पाठ्यक्रमको उपलव्धतालाई सिमित गरी यसलाई अक्सर गरेर उपेक्षा गर्ने गरिएको छ । यस्ता तालीमहरु मुनासीव मूल्यमा उपलब्ध छन् । स्वेच्छिक क्षेत्रमा प्रवेश गर्ने उम्मेदवारहरु र यस क्षेत्रमा काम गरिरहेकालाई तालिम समेत प्रदान गर्ने संघ संस्थाहरुलाई सरकारले सहयोग र प्रोत्साहन प्रदान गर्नु पर्दछ । यस प्रकारको सहयोग पु-याउने उपायको रुपमा यसले त्यस्ता तालिम संस्थाहरुलाई हाल उपलव्ध भौतिक सुविधाहरु प्रदान गर्नु पर्दछ ।

६.४ संस्थागत आधुनिकिकरण, समस्याहरुको विकास गर्ने प्राविधिक तथा सामाजिक अवधारणा स्वेच्छिक कार्यको एक अत्यावश्यक तत्व हो । सरकारले आधुनिकिकरण र अग्रगामी कार्यको लागि प्रोत्साहन र मान्यता प्रदान गर्नु पर्दछ ।

६.५ विभिन्न क्षेत्र र विभिन्न तहमा रहि भि.ओ.एस. मा काम गरिरहेकाहरुको तथा भि. ओ.एसक़ो क्षेत्र र सार्वजनिक एवं नीजि क्षेत्रको तथ्यांक सञ्चार गर्न उपयोगि हुन

सक्छ । सरकारले यस प्रकारको तथ्यांक तयार गर्न र अद्यावधिक गर्न उपयुक्त संस्थामा खर्च गर्नु पर्नेछ ।

६.६ सरकारको नीति र कार्यक्रमको वारेमा सुचना प्राप्त गर्न भि.ओ.एस.को पहुंच प्राय कठिन हुन्छ । आयोजनामा लगानी गर्ने योजनासंग सम्वन्धित विषय लगायत महत्वपुर्ण कागजात र तथ्यांक प्रदान गर्न सरकारका विभिन्न संस्थाहरुको वेभ-साईडहरुको पुन संरचना गर्नु पर्नेछ ।

६.७ सरकारले स्वेच्छिक कार्यकर्ताहरुलाई सार्वजनिक सेवा जस्तै परिवार कल्याण केन्द्र, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल, विद्यालय, व्यावसायिक तालिम केन्द्र, सरसफाई अभियान आदिमा संलग्न गराउन प्रोत्साहन दिनु पर्छ ।

स्वेच्छिक क्षेत्रसंग सम्वन्धित नीति २००७ भि.ओ.एस. को परिचय र स्वायत्ततामा कुनै पनि प्रकारले असर नपार्ने गरी सरकार र स्वेच्छिक क्षेत्र वीच सम्वन्ध वढाउने नवीन प्रकृयाको प्ररम्भ हो ।